मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ११७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ चैत २ गते आइतवार (Sunday, March 15. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

हिमेश पन्त बने "कमेडी च्याम्पियन": नेपालकै पहिलो स्ट्यान्ड-अप कमेडी रियालिटी शो 'कमेडी च्याम्पियन' को उपाधि धादिङका हिमेश पन्तले हात पारेका छन् ।



# काँकरभिट्टा नाका खुल्ला, पशुपतिनगर बन्द



भारतबाट नेपाल प्रवेश गर्न लागेकाहरुलाई काँकरभिट्टामा कोरोना नियन्त्रणका लागि तापक्रम जाँचिँदै । तस्वीरः रासस

**झापा, चैत १।** नोबल कोरोना भाइरस (कोभिड १९) को विश्वका विभिन्न देशमा संक्रमण बढिरहेका बेला भारतले नेपालसँग जोडिएका कतिपय सीमा नाका बन्द गरेको छ ।

पूर्वी नेपालको इलामसँग जोडिएको पशुपतिनगर नाका बन्द गरेको छ भने झापाको काँकरभिट्टा नाका खुल्ला नै रहेको छ । कोरोना भाइरसको कारण देखाउँदै भारतले पशुपतिनगर नाकाबाट सवारी साधन प्रवेशमा रोक लगाएको हो । भारतमा कोरोनाका कारण दुई जनाको मृत्यु भइसकेको छ ।

पश्चिम बंगाल सरकारले कोरोना नियन्त्रणका लागि भन्दै शनिबार बिहानबाट नाका बन्द गरेको हो । नेपालतर्फबाट भारत जाने र भारतबाट नेपाल भित्रिने सवारी साधन नाका बन्द भएपछि ठप्प रहेको पशुपतिनगरस्थित इलाका प्रहरी कार्यालयले जनाएको छ ।

नाका अनिश्चितकालका लागि बन्द गरेको जानकारी आफूहरुलाई प्राप्त भएको प्रहरी निरीक्षक रमेश राईले जानकारी दिए । नाका बन्द भएपछि सवारी साधन ठप्प रहेको छ भने स्थानीयलाई आउ-जाउ गर्न दिइएको बताइएको छ ।

कोरोना नियन्त्रणकै लागि सूर्योदय नगरपालिका, १ नम्बर प्रदेश र संघीय सरकारले पशुपतिनगरका २ स्थानमा हेल्प डेस्क राखेर मानिसको तापक्रम जाँच गरिरहेका छन् । त्यहाँ २ वटा 'थर्मल गन' प्रयोग गरी दिनहुँ करिब ६ सय जनाको तापक्रम जाँच भइरहेको बताइएको छ ।

हेल्प डेस्कका लागि ६ जना स्वास्थ्यकर्मी परिचालन गरिएको छ । सूर्योदय नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख धनराज यादवले हेल्प डेस्कमा कसैमाथि कोरोनाको आशंका भए तत्काल तोकिएको स्थानमा पुऱ्याउन एम्बुलेन्स समेत तयार रहेको

(बाँकी अन्तिम पृष्ठमा)

## सीमा बन्द बारे एसएसबी अनभिज्ञ

**भद्रपुर, चैत १।** कोरोना भाइरसका कारण छिमेकी राष्ट्र भारतले आइतबार राति १२ बजेदेखि नेपाल र भुटानको सीमा नाका बन्द गर्ने समाचार बाहिरिएपछि जनमानसमा नाका ठप्प हुने हल्ला फैलिएको छ ।

आइतबार रातिदेखि झापाको सबै सीमा नाका बन्द हुने हल्ला फैलिएपछि पूर्वाञ्चलकर्मी तथा वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक डम्बर पुरीसहितको टोली शनिवार दिउँसो भारतीय एसएसबीलाई बुझ्न



गलगलिया पुगेको थियो । त्यसक्रममा एसएसबी ४१ बटालियन भातगाउँका कमाण्डर अञ्जलि राउतले भनिन्- 'सीमा नाका बन्द गर्ने विषयमा हेड क्वाटर रानीडाँगाबाट कुनै आधिकारिक जानकारी आएको छैन ।' नाका बन्द

(बाँकी अन्तिम पृष्ठमा)

## कागतीको बोट सुकेपछि कृषक चिन्तित



**बिर्तामोड, चैत १।** 'पौरख गर्न सके स्वदेशमै सुन फल्छ' भन्ने उक्ति झापा चारपानेका हरिभक्त उप्रेतीलाई अहिले मिथ्या झैं लाग्न थालेको छ ।

व्यवसायिक कृषि पेशा गरेर सफल किसान बन्ने सपना बोकेका उप्रेतीले तीन वर्ष अघि एक विगाह १० कट्ठा जमिन लिजमा लिँदै कागती खेती शुरु गरेका थिए । तर, कागती खेतीले उप्रेतीलाई नाफा होइन, साउँ नै उठाउन धौ-धौ बनाएपछि कृषि कर्मप्रति नै उनमा वितृष्णा जागेको हो ।

वार्षिक एक लाख रुपैयाँमा जमिन लिजमा लिएर उप्रेती र उमेश शर्माले बिर्तामोड नगरपालिका-२ चारपानेमा व्यवसायिक कागती खेती शुरु गरेका थिए । तर, फुल्दै र फल्दै गरेका कागतीका बोट अज्ञात रोगले भटाभट मर्न थालेपछि उनीहरु निराश मात्र भएनन्, कृषि पेशाप्रति नै बिरक्तिएका छन् ।

२० लाख रुपैयाँभन्दा बढी लगानी गर्दै तीन वर्ष अघि शुरु गरेको कागती खेतीका लागि अहिले २५ लाख रुपैयाँ लगानी भइसकेको उप्रेतीले बताए । उनले भने- कागती खेतीको रेखदेख र गोमडेल गर्न दुई जनालाई रोजगारी दिइएको छ । उनीहरुलाई नेपाल सरकारले तोके अनुरुपको तलब दिएको उप्रेतीले बताए । शुरुमा लटरम्म फल लागेका कागतीका बोटको मुना र पात पहेंलिँदै जाने र पछि डाँठ नै सुक्न थालेपछि कृषि प्राविधिकलाई देखाएको तर उनीहरुले पनि के कारण कागती मरेको हो भन्न नसकेको उप्रेती बताउँछन् ।

डेढ विगाह क्षेत्रफलमा एक हजार कागतीका विरुवा रोपिएको तर अहिले एक सयभन्दा बढी कागतीका विरुवा मरेको उप्रेतीले जानकारी दिए । कागतीका विरुवा मर्न थालेपछि बिर्तामोड नगरपालिका, कृषिज्ञान केन्द्र चन्द्रगढी पुगेर गुनासो गरे पनि उनीहरुले आश्वासन दिने बाहेक केही नगरेको उप्रेतीको भनाइ छ ।

कागतीविज्ञ झापामा रहेनछन्- उनी भन्छन्-

(बाँकी अन्तिम पृष्ठमा)

## घरेलु रक्सीले १५ जनाको मृत्यु, गाउँ नै शोकमा

**झापा, चैत १।** घरेलु विषाक्त मदिरा सेवनका कारण १५ जनाभन्दा बढीको मृत्यु भएको छ । शनिवार जनकपुरधाम उपमहानगरपालिका-७ स्थित मुसहरी टोलमा विषाक्त मदिरा सेवनले थप तीनको मृत्यु भएको छ । योसँगै धनुषामा विषाक्त मदिरा सेवनबाट मृत्यु हुनेको संख्या १५ पुगेको छ ।

मृत्यु हुनेमा मुसहरी टोलका बनारसी देवी सदा, मिथिला सदा र झगरु सदा रहेका छन् । होलीका अवसरमा रक्सी खाएका बनारसीदेवीको शुक्रबार साँझ र मिथिला र झगरुको शनिवार मृत्यु भएको हो । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-२ रमदैयामा शुक्रबारसम्म १२ जनाको मृत्यु भइसकेको थियो ।

सबैको शुरुमा टाउको र पेट दुख्ने, बान्ता आउने, आँखा डम्म हुने र अन्ततः शरीर चिसो भएर मृत्यु हुने गरेको स्थानीयवासीले बताएका छन् । मदिरा सेवनकै कारण भरत मण्डल, ईश्वर महरा, शम्भु महरा, उपेन्द्र महरा र सीताराम यादव सिकिस्त बिरामी छन् । ईश्वरको सिटी अस्पताल जनकपुरमा उपचार भइरहेको छ । अन्यको पनि जिल्लाका अन्य स्वास्थ्य संस्थाहरुमा उपचार भइरहेको छ ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरका इञ्चार्ज प्रहरी निरीक्षक पप्पु नायकले उनीहरूले होलीमा अत्यधिक घरेलु मदिरा सेवन गर्दा मृत्यु भएको बताए । प्रनि नायकले भने- उनीहरूले स्थानीय पसलबाट मदिरा खाएको र कुन मदिरा खाएको हो पुष्टि गर्न अनुसन्धान थालेका छौं । उनले स्थानीय केही पसलबाट मदिरा नियन्त्रणमा लिएर विषालु हो/होइन जाँच गर्न पठाएको बताए । प्रनि नायकले अवैध घरेलु मदिरा बेचेको आरोपमा स्थानीय रामनन्द साह र तारापट्टीबाली भनिने छठियादेवी चौधरीलाई पक्राउ गरेर अनुसन्धानका लागि हिरासतमा राखेको जानकारी दिए ।

अहिले विषाक्त घरेलु मदिराले निम्त्याएको मानवीय क्षतिका कारण सारा रमदैया गाउँ नै शोकमा डुबेको छ । मदिरा सेवनबाट मृत्यु हुनेहरु प्रायः गरीब विपन्न र दलित समुदायका छन् । दैनिक ज्याला मजदूरी गर्ने, घरपरिवारमा कमाउने व्यक्तिको मृत्युपछि बालबच्चा, वृद्धवृद्धा बाबुआमा तथा श्रीमतीको बिच्चली भएको छ ।

७० वर्षीया वृद्धा सिलोचनादेवी मण्डलले शत्रुधन र रामविलास दुई जवान छोरा गुमाउनु परेको छ भने अर्का छोरा भरत पनि अस्पतालको सघन उपचार कक्ष 'आइसियू' मा जीवनमरणको दोसाँधमा छन् । छोराहरु गुमाएको पीडा र अर्को छोराको गम्भीर अवस्था सुनेर वृद्धा सिलोचना पनि मुर्छा परेकी छन् । घरीघरी होस्मा आउँदा एउटै वाक्य दोहोऱ्याउँछिन्, छोराहरुलाई भगवान्ले खोसे र म बूढी किन जिउँदै छु ।

उनीहरु तीनैजना दाजुभाइले छिमेकी शम्भु चौधरीको पसलबाट घरेलु मदिरा ल्याएर खाएका थिए । अहिले घटनाबारे थाह पाएर शम्भु फरार छन् । त्यसैगरी मृत्यु हुनेमध्येका वैदेशिक रोजगारीमा मलेसिया रहेको रामविलास १० दिनअघि मात्रै घर फर्केका थिए ।

(बाँकी अन्तिम पृष्ठमा)

## घ्यू, छुर्पी जल्यो, ७० लाख क्षति

**इलाम, चैत १।** इलामको देउमाई नगरपालिका-४ स्थित मंगलबारे बजार नजिकै एक डेरी उद्योगमा आगलागी हुँदा ७० लाख रुपैयाँभन्दा बढी क्षति भएको छ ।

मंगलबारे बजारको तल्लो बुधबारेमा रहेको गजुरमुखी दर्शन डेरी उद्योगमा आगलागी हुँदा सो क्षति भएको हो । आगलागीबाट दूध पेल्ने मेसिन, घ्यू, छुर्पी लगायतका सामान जलेर नष्ट भएको वडाध्यक्ष राजेन्द्र बाँस्तोलाले जानकारी दिए । आगलागी दिउँसो ३:०० बजेदेखि शुरु भएको थियो ।

स्थानीय अशेष बुढाथोकीले सञ्चालन गरेको सो डेरी उद्योगमा लागेको आगो स्थानीय र प्रहरीको सहयोगमा नियन्त्रणमा लिएको स्थानीय प्रकाश खनालले बताए ।

नगरपालिकामा दमकल नहुँदा इलाम नगरपालिकाको दमकल पठाएको थियो । स्थानीय तहले दमकल खरिद गर्नुपर्ने स्थानीय खनालको माग छ । टाढाको दमकल लैजानुभन्दा नजिकै दमकल भई दिएको भए क्षति कम हुन सक्ने उनको भनाइ छ ।

उद्योगमा रहेका सबै सामान जलेर नष्ट भएका छन् । प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । साथै प्रारम्भिक चरणको अनुमानबाट सो क्षति भएको बताइए पनि उद्योगका प्रोप्राइटर जिल्लाबाहिर रहेकाले यकिन विवरण आउन बाँकी रहेको छ ।

## प्रहरीलाई झुठो उजुरी दिंदा ...

**झापा, चैत १।** प्रहरीलाई झुठो उजुरी दिने एक व्यक्ति पक्राउ परेका छन् ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका-९मा छोरा अपहरणमा परेको भन्दै झुठो उजुरी दिने जासर मिया पक्राउ परेका हुन् । उनले आफ्नो १२ वर्षीय छोरा अपहरणमा परेको भन्दै प्रहरीलाई झुठो उजुरी दिएका थिए । झुठो उजुरी दिने मियाँलाई जिल्ला प्रहरी कार्यालय सप्तरीले पक्राउ गरेको छ । अपहरणमा परेको भनिएका बालकलाई मियाँकै आफन्तको घरमा रहेको फेला पारेपछि उनलाई नियन्त्रणमा लिएको जिल्ला

(बाँकी अन्तिम पृष्ठमा)

# पैसामा पनि भाइरस !

**झापा, जेठ १।** नोटको माध्यमबाट कोभिड-१९ (कोरोना) भाइरस सर्ने खतरा देखिएपछि छिमेकी मुलुक चीनमा गत फागुनमा करिब ८४ हजार करोड पैसा नष्ट गरियो । नोटको माध्यमबाट कोरोना फैलने सम्भावनालाई न्यून गर्न चीन सरकारले केन्द्रीय बैंकको सहयोगमा कोरोना प्रभावित क्षेत्रबाट सङ्कलन गरिएका ती नोट नष्ट गरेको हो ।

यसअघि गरिएको अध्ययनले पैसाबाट पनि विभिन्न प्रकारका भाइरस सर्ने सम्भावना अधिक भएको पुष्टि गरिसकेको छ । न्यूयोर्क युनिभर्सिटीले गरेको एक अध्ययन अनुसार पैसामा पनि 'सूक्ष्म जीव' बाँच्न र हुर्कन उपयुक्त वातावरण भएको प्रमाणित भइसकेको छ । चिकित्सकहरुले पनि कुनै पनि भाइरसका जीवाणु पैसामा करिब दुई सातासम्म जीवित रहनसक्ने बताउँदै आइरहेका छन् ।

पैसामा तीन हजार भन्दाबढी प्रकारका कीटाणु जस्तै भाइरस, व्याक्टेरिया, सामान्य



कीटाणु, ढुसी देखा परेका छन् । त्यस अध्ययनमा बैंकबाट निकालिएको नोटमा आठ प्रकारका व्याक्टेरिया देखिएका थिए । अध्ययन अनुसार तरकारी बजार, मासु पसल, पान पराग पसल, पेट्रोल पम्प, जुत्ता सिलाउने पसल र माग्नेसँग भएको नोटमा शतप्रतिशत जीवाणु हुने पुष्टि भएको छ ।

विभिन्न किसिमका प्राणघातक सरुवा रोगको व्याक्टेरियाले पैसामा संक्रमण भएको पुष्टि गरेको छ । संयुक्त राज्य अमेरिकाको पैसामा कोकेन भएको 'फरेन्सिक साइन्स इन्टरनेशनल'ले प्रमाणित गरिसकेको छ । हेपाटाइटिस सीको स्रोतका रुपमा कोकेनलाई लिइन्छ । यसैगरी दक्षिण अफ्रिकाको पैसामा पनि ९० प्रतिशत विभिन्न किसिमका प्राणघातक व्याक्टेरिया तथा ढुसीबाट दूषित भएको पाइएको छ । मास्टर कार्डका अनुसार शौचालय र जुत्ताको तलुवा भन्दा पैसा बढी फोहोर भएको परीक्षणका क्रममा पाइएको थियो ।

कोरोना भाइरसले विश्वव्यापी रुपमा प्रभाव जमाउँदै गएसँगै विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले समेत कोरोना भाइरस पैसाबाट पनि सर्ने भएकाले यसबाट बच्ने उपायको प्रयोग गर्न आग्रह गरिसकेको छ ।

**पैसामा ब्याक्टेरिया कसरी विकसित हुन्छन् ?**

विभिन्न कारणबाट पैसामा ब्याक्टेरियाका फैलावट हुने इञ्जिनियर राम बाडे बताउँछन् । पैसाको प्रयोग गर्दा जथाभावी कच्याककुचुक गरी राख्ने गरेमा अझ बढी व्याक्टेरिया भाइरस फैलने सम्भावना हुन्छ ।

दैनिक रुपमा पैसा एक हातबाट अर्को हात हुँदै अत्यधिक आदानप्रदान हुनु भनेकै एक व्यक्तिको रोग अर्को व्यक्तिमा सार्ने जस्तै हो- उनले भने- जति बढी पैसाको प्रयोग

(बाँकी अन्तिम पृष्ठमा)

डाक्टर आउने बारेको सूचना

डा. पवन पराजुली NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर
बिर्तामोड अन्धुवा खोला छेउ (०२३-५४२८४५)



# घाइते खेलाडीलाई २ लाख



**हल्दिवारी, चैत १।** हल्दिवारी गाउँपालिकाले जनता उपचार कोष मार्फत फुटबल खेलाडी बुद्धराज (सन्तोष ) लिम्बूलाई दुई लाख दिने निर्णय गरेको छ ।

गाउँपालिकाको छैठौं गाउँसभाबाट वडा स्तरीय फुटबल खेलको क्रममा गम्भीर घाइते भइ काठमाडौंस्थित ट्रमा सेन्टरमा उपचाररत् लिम्बूलाई एम्बुलेन्स भाडा २५ हजार र जनता उपचार कोषमार्फत २ लाख उपलब्ध गराउने निर्णय गरेको कोषका संयोजक समेत रहेका उपाध्यक्ष डम्बरबहादुर गिरीले बताएका छन् ।

वडास्तरीय फुटबल खेलमा घाइते लिम्बूलाई समयमै उपाध्यक्ष गिरीले उपचारमा लिएको निर्णयले उनले पुनर्जन्म पाएको वडा सदस्य तथा खेलकुद परिषद् अध्यक्ष महेशलाल मेचे बताउँछन् ।

लिम्बूको झापा, मोरङका कुनै अस्पतालले उपचार असम्भव भनेपछि राति नै बिराटनगर नोबेल अस्पतालबाट उपाध्यक्ष गिरी आफैंले ट्रमा सेन्टर लिएर गएका थिए । पेटको आमासय फुटेका कारण लिम्बूको हाल पनि ट्रमा सेन्टर उपचार भइरहेको र अवस्था सन्तोषजनक रहेको छ ।

# २३ जनामा मोतीयाबिन्दु, नि:शुल्क उपचार गरिँदै

**बिर्तामोड, चैत १।** बाह्रदशी गाउँपालिका-१ भागुडुब्बामा २ सय ५१ जनाको आँखा जाँच नि:शुल्क गरिएको छ ।

जसमा २३ जनामा मोतीयाबिन्दुको समस्या देखिएकाले नि:शुल्क शल्यक्रियाका लागि बिर्तामोडस्थित मेची आँखा अस्पताल 'रेफर' गरिएको छ ।

मेची आँखा अस्पताल बिर्तामोडको प्राविधिक सहयोगमा बाह्रदशीमा आँखा शिविर सञ्चालन भएको बाह्रदशी गाउँपालिका वडा नम्वर १का अध्यक्ष शम्भुसिंह राजवंशीले बताए । सहारा नेपाल सहकारी संस्था लिमिटेड सेवा केन्द्र राजगढ र बाह्रदशी गाउँपालिका वडा नम्वर १को संयुक्त आयोजनामा शिविर सम्पन्न भएको हो ।

शिविरमा वाह्रदशी गाउँपालिकाका अध्यक्ष खड्गप्रसाद राजवंशी, १का वडाअध्यक्ष शम्भूसिंह राजवंशी,सहारा नेपाल साकोस इलाका सुरुङ्गाका प्रबन्धक रामनारायण प्रधान, सेवाकेन्द्र राजगढका प्रबन्धक एकादेव कट्टेल, सेवाकेन्द्र सञ्चालन सहयोग उपसमिति संयोजक मोहनविक्रम ओली लगायतले बोलेका थिए । शिविरको सञ्चालन सेवाकेन्द्र सञ्चालन सहयोग उपसमिति सचिव लोचनकुमार गुरागाँईले गरेका थिए ।




# झिलझिलेमा 'वाटर किङ्डम पार्क'

**विनोद सापकोटा**



**झिलझिले, चैत १।** पर्यटनको प्रशस्त सम्भावना रहेको झापाको शिवसताक्षीमा अर्को एउटा गन्तव्य थपिएको छ । सताक्षीधाम, चिल्लागढ र दोमुखा जस्ता धार्मिकस्थल रहेको नगरमा वाटर किङ्डम पार्क थपिएको हो । योसँगै शिवसताक्षी नगरपालिका पर्यटनको हब बन्न पुगेको स्थानीयले बताएका छन् ।

माईधारमा दोमुखा र चिल्लागढ, दूधेमा पानी ट्यांकी पिकनिक स्पट, झिलझिलेमा सताक्षीधाम, डुँडामारीमा निर्माणाधीन डुँडामारी सिमसार, शिवगञ्जमा धराहरा जस्ता धार्मिक तथा पर्यटनका लागि सम्भावित पर्यटकीय क्षेत्र छन् । पर्यटन क्षेत्रकै कारण नगरमा रोजगारीका अवसर पनि सिर्जना भएका छन् ।

पूर्व-पश्चिम महेन्द्र राजमार्गको झिलझिलेदेखि ५ सय मिटर दक्षिणमा स्थानीय राजकुमार संग्रौलाले अत्याधुनिक प्रकृतिको वाटर किङ्डम पार्क प्रालि निर्माण गरेका हुन् । निजी स्वामित्वमा रहेको दुई विगाह क्षेत्रमा वाटर पार्क निर्माण हुने कम्पनीका सञ्चालक संग्रौलाले बताए ।

उनका अनुसार चिल्ड्रेन पार्क, वाटर पार्क, पार्टी प्यालेस, सबै उमेर समूहका लागि स्वीमिङ पुल, डान्स वाटर पार्क, आकर्षक गुफा लगायतका संरचना निर्माण भएका छन् । संग्रौलाले निर्माण गरेको पार्कको लागत २२ करोडको हो ।

पानीकै मात्र शुद्ध वाटर पार्क सम्भवतः नेपालमै पहिलोपटक निर्माण भएको संग्रौलाले दाबी गरेका छन् । छिमेकी मुलुक भारतका सिकर्मी-डकर्मीले आकर्षक डिजाइनमा पार्क निमार्ण गरेका हुन् । पार्कको ९८ प्रतिशत निर्माण कार्य सम्पन्न भएको उनले बताए । झापा निर्वाचन क्षेत्र नम्बर ४का सांसद एलपी साँवा लिम्वूले पार्कको १४ महिना अघि शिलान्यास गरेका थिए ।

सञ्चालक संग्रौलाले वैशाख १ गते पार्कको उद्घाटन गर्ने जानकारी दिए । उद्घाटन अगावै आन्तरिक तथा वाह्य पर्यटक पार्क हेर्न आउन थालेका छन् । नेपालका बिभिन्न ठाउँबाट आन्तरिक पर्यटक र भारतका ठूला शहरबाट सन्त महात्माको आगमन हुन थालेको छ ।

श्री ५ नवतनपुरी धाम जामनगर गुजरातका १४ औं गादिपति श्री कृष्ण प्रणामी धर्म समुदायका जगत गुरु अनन्त श्री विभूषित कृष्णमणि जी महाराज, नौतन धाम काठमाडौंका गादीपति श्री १०८ अमृतराज महाराज, नेपालकी प्रथम भागवत वाचिका तारा घिमिरे लगायतले युवा व्यवसायी संग्रौलाले निर्माण गरेको पार्कको अध्ययन अवलोकन गरेका थिए ।

यस्तै श्री ५ महामंगलपुरी धाम सूरतका आचार्य १०८ सूर्यनारायण दास जी महाराज, बाबा दया राम धाम करनाल हरियाणाका १०८ श्री जगत राज जी महाराजले पनि पार्कको अवलोकन गरेका थिए । झापाका स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी लगायतको पछिल्ला दिन पार्क आउने क्रम बढेको छ ।

शिवसताक्षी नगरमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन संग्रौलाको योगदान अतुलनीय रहेको भन्दै संघीय सांसद साँवाले तीन तहकै सरकारले यस्ता उद्यमीलाई हौसला दिएर सहयोग गर्नुपर्ने बताए । बाल्यकालदेखि नै व्यापार व्यवसायमा अब्बल मानिएका संग्रौलाको लगानी खेर जान नदिन सबै तहबाट सहयोग हुनुपर्ने साँवाले बताए ।

वाटर पार्क अन्तर्राष्ट्रिय मापदण्ड अनुसार निर्माण भएको छ । पार्कमा पानीकै मात्र ८ वटा आइटम निर्माण भएका छन् । स्वीमिङ्ग पुल, वेभ पुल, स्लाईडका ५ आईटम र सावर डान्स पनि पार्कभित्र छन् । पानीद्वारा सञ्चालन हुने संरचना भारतीय कम्पनीले निर्माण गरेको हो भने अन्य संरचनाका स्थानीय विके कस्ट्रक्सनले निर्माण गरेको हो । वाटर पार्कभित्र दुई वटा भिन्दाभिन्दै आवाससहित होटल सञ्चालन हुनेछन्, जसमा १८ वटा कोठा निर्माण भएका छन् । विवाह, पार्टी, अन्य उत्सवका लागि दुई वटा हल निर्माण भएको सञ्चालक संग्रौलाले जानकारी दिए ।

एक दिनमा ५ सय जनासम्म अटाउन सक्ने क्षमताको पार्कको फिनिसिङ्ग कार्य अन्तिम चरणमा पुगेको बताइएको छ । एक महिनापछि नै सञ्चालनमा आउन लागेको पार्कबाट ५० जनाले प्रत्यक्ष रोजगारी पाउनेछन् ।

## सीमा ...

गर्नु अघि नै यस्तो जानकारी आइसकेको हुनुपर्ने बताउँदै उनले भनिन् - 'आधिकारिक जानकारी आएपछि हामीले नेपालतर्फको सुरक्षाकर्मीसँग तत्काल सहकार्य गर्नेछौं ।'

उता गलगलिया बजार जाने पश्चिम बंगाल तर्फको सडकखण्डमा कोरोना भाइरसकै लागि दुई दिनदेखि खटिएका खोरीबारी थानाका पुलिसले नेपालबाट किनमेल गर्न जाने नागरिकलाई रोकेर आइतबारदेखि सीमा नाका बन्द हुने भ्रम फैलाइरहेको स्थानीय बताउँछन् । 'विहारतर्फ जाँदा कसैले यस्तो बोलेको छैन'- कुमार सुब्बाले भने- 'तर बंगालतर्फको बाटो जाँदा पुलिसले रोकेर नाका बन्द हुन्छ र भोलिदेखि नआउनु भनिरहेको छ ।'

यता प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले आइतबारदेखि झापाको सीमा नाका बन्द हुने विषयमा कुनै लिखित तथा मौखिक जानकारी नआएको बताएका छन् ।

## काँकरभिट्टा ...

जानकारी दिए । हालसम्म कसैलाई पनि कोरोनाको लक्षण नभेटिएको जनाइएको छ ।

नेपालले भारतसँगका सीमा नाकाहरुमा उच्च सतर्कता अपनाउँदै हेल्प डेस्कमार्फत कोरोनाको परीक्षण गरिरहेको छ ।

यता झापाको काँकरभिट्टास्थित हेल्प डेस्कमा पनि उच्च निगरानीका साथ कोरोनाको परीक्षण भइरहेको जनाइएको छ । बिहीबार मात्रै नेपाल प्रवेश गर्दै गरेका दुई युक्रेनी नागरिकलाई काँकरभिट्टाबाट फिर्ता पठाइएको थियो । उनीहरुमा उच्च तापक्रम देखिएपछि नेपाल प्रवेशमा रोक लगाएको बताइएको छ ।

यसैबीच पूर्वी नाका काँकरभिट्टामा कोरोना संक्रमणको ज्वरो नाप्ने 'थर्मल गन' पर्याप्त नहुँदा भीड व्यवस्थापनमा समस्या उत्पन्न भएको छ । पूर्वी नाका काँकरभिट्टाबाट भाइरस भित्रिन नदिन भारतबाट आउने सबै यात्रुलाई पंक्तिबद्ध रूपमा ज्वरो नाप्ने व्यवस्था मिलाइएको छ ।

नेपाली तथा भारतीयको ज्वरो नाप्न एउटा मात्र 'थर्मल गन' को भर पर्नुपरेकाले समस्या भएको हो । दैनिक हजारौँले ओहोरदोहोर गर्ने नाकामा कम्तीमा १० वटा 'थर्मल गन' प्रयोग गरिए मात्र जाँच व्यवस्थित हुने काँकरभिट्टा क्याम्पसका प्रमुख लक्ष्मीप्रसाद उप्रेती बताउँछन् । उनले भूटान, बङ्गलादेश, म्यान्मारजस्ता तेस्रो मुलुकसँग समेत नजिकको दूरी भएको नाका भएकोले काँकरभिट्टामा जाँच प्रक्रियालाई सुव्यवस्थित, भरपर्दो र विश्वसनीय तुल्याउनुपर्ने बताएका छन् ।

मेचीनगर नगरपालिकाले सो भाइरसको संक्रमण रोकथामका लागि काँकरभिट्टा नाकामै सचेतनामूलक कार्यक्रम राखेको थियो । कार्यक्रमका सहभागी अधिकांशले नाका जोखिमका दृष्टिले अति संवेदनशील क्षेत्र भएको हुँदा नाका बन्दको कदम चालेर भए पनि जोखिम न्यूनीकरणको प्रयास गरिनुपर्ने धारणा राखेका थिए ।

## घरेलु ...

तीन छोरी र एक छोरा रहेका रामविलासको घरको आर्थिक अवस्था दयनीय छ । रामविलासकी श्रीमती फुलो देवी पनि अहिले अचेत अवस्था छिन्, फुलो देवी होसमा आउँदा रुँदै भन्छिन्- मेरो संसार नै उजाडियो, घरमा कमाउने अब कोही छैन, २० लाखभन्दा बढी ऋण छ । अब कसरी तिर्ने ? छोरीहरूको विवाह कसरी गर्ने ?

त्यस्तै मृत्यु हुने अर्का ब्रह्मदेव यादव अघिल्लो साता मात्र भारतको दिल्लीबाट फर्किएका थिए । दिल्लीमा चाइनिज कम्पनीमा काम गरिरहेका ब्रह्मदेव कोरोना त्रासका कारण कम्पनी तत्कालका लागि बन्द भएपछि घर फर्केका थिए । भाइसँग बसेर बुधबार मदिरा पिएका उनको बिहीबार दिउँसो मृत्यु भयो । शुक्रबार ज्यान गुमाएका इन्द्रजीत महराले सानो किराना पसल चलाएर घरपरिवार पाल्दै आएका थिए । अन्य मृतक रामविलास महरा र राजु महरासँगै बसेर उनले घरेलु मदिरा सेवन गरेर बिरामी भएका थिए । उपचारका लागि धरान लैजाँदै गर्दा उनको बाटैमा मृत्यु भयो ।

डेढ वर्षअघि अञ्जु महरासँग विवाह गरेका इन्द्रजीतको ६ महिनाकी छोरी छिन् । घरमा कमाउने इन्द्रजीत मात्रै थिए । श्रीमान्को मृत्युले अञ्जु पनि अचेत अवस्थामा छिन् । इन्द्रजीतकै घरको अवस्था रामविलास, राजु र गदरी महराको घरमा पनि छ । उनीहरू सबै छिमेकी हुन् ।

**नक्कली मदिरा उत्पादन र बिक्री**

धनुषामा वार्षिक करीब तीन करोडभन्दा माथिको नक्कली मदिरा उत्पादन र बिक्री वितरण भइरहेको छ । धनुषा प्रहरी स्रोतका अनुसार जिल्लामा दैनिक १० हजार लिटर अवैध घरेलु मदिरा उत्पादन हुन्छ । दैनिक पाँच हजार लिटर त जनकपुर बजारमै आउँछ । आन्तरिक राजश्व कार्यालय जनकपुरको तथ्याङ्कअनुसार धनुषामा क्षीरेश्वर डिस्टिलरी प्रालि, साङ्ग्रिला डिस्टिलरी प्रालि, छिन्नमस्ता डिस्टिलरी प्रालि र धनुषा डिस्टिलरी प्रालिले मात्र मदिरा उत्पादन गर्ने अनुमति प्राप्त गरेका छन् ।

त्यसैगरी सर्लाहीको अमरावती मधुशाला प्रालिले हरिवनमा रक्सीको कच्चापदार्थ स्प्रिट उत्पादन गर्ने अनुमति प्राप्त गरेका छन् । यसबाहेक उत्पादन हुने रक्सीहरु धनुषा, महोत्तरी र सर्लाहीमा अवैध मानिन्छन् । धनुषाका धनुषाधाम नगरपालिकाको धारापानी, मालटोल, राई होटेल, मगरटोल, गणेशमान-चारनाथ नगरपालिकाको वीरेन्द्र बजार, मिथिला नगरपालिकाको पुष्पवलपुर, मरधर क्षेत्रमा घरेलु मदिरा बढी उत्पादन हुने गरेको छ ।

क्षीरेश्वरनाथ नगरपालिकाको सखुवा बजार, मिथिला-विहारी नगरपालिकाको तारापट्टि, जनकनन्दनी गाउँपालिकाको बल्हा गोठ, जनकपुर उपमहनगरपालिकाको लादोवेलालगायत क्षेत्रमा पनि घरेलु मदिरा उत्पादन गर्ने भट्टी छन् । सस्तो हुने भएकाले निम्न आय भएका व्यक्तिहरू घरेलु उत्पादन नै खान्छन् । घरेलु मदिरा लिटरको रु. डेढ-दुई सयमा पाइन्छ । धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले घटनाबारे अनुसन्धान शुरु भएको बताए ।

**अनुसन्धानका लागि सात पक्राउ**

धनुषामा विषाक्त घरेलु मदिरा सेवनका कारण मानवीय क्षति भएपछि प्रहरीले अनुसन्धानका क्रममा मदिरा बिक्री वितरण गर्ने सातजनालाई पक्राउ गरी अनुसन्धान शुरु गरेको छ ।

धनुषाका प्रहरी नायब उपरीक्षक कार्कीले घटनाबारे अनुसन्धान शुरु भएको बताए । उनले घरेलु विषाक्त मदिरा सेवनका कारण यति धेरै मानवीय क्षति भएकाले घटनालाई गम्भीर रुपमा लिएर अनुसन्धान शुरु गरिएको बताए ।

प्रहरी नायब उपरीक्षक कार्कीले अनुसन्धानका लागि मदिरा बेचबिखन गर्ने सातजनालाई पक्राउ गरिएको बताऐ । पक्राउ पर्नेहरुमा महोत्तरीको भङ्गहा नगरपालिका-३ सखरी टोलका ४७ वर्षीय जगतनारायण मण्डल, धनुषाको लक्ष्मिनियाँ गाउँपालिका-६ को बगेवा गाउँका २४ वर्षीय नवीन यादव, ५० वर्षीय घुरन यादव, क्षीरेश्वरनाथ नगरपालिका-२ रमदैया बस्ने ४५ वर्षीया तारापट्टीबाली भनिने छटियादेवी मण्डल, रमदैयाकै ४१ वर्षीय जयकुमार यादव, ४८ वर्षीय रामनन्दन साह र जनकपुरधाम उपमहानगरपालिका-१४ रजौल बस्ने ३५ वर्षीया शीतलदेवी यादव रहेका छन् ।

## पैसामा ...

आउँछ, उति नै बढी प्रदूषण फैलने सम्भावना हुन्छ ।

दैनिक रुपमा प्रयोगमा आएका पैसामा मानिसहरुको थुक, दिशापिसाब, खोकी तथा हाच्छ्युँ आदिबाट समेत दूषित हुन्छ । नेपाली पैसाको प्रदूषण स्तर जाँच गर्दा प्रष्टै देखिने उनको भनाइ छ ।

**कसरी कीटाणुनाशक बनाउने ?**

पैसामा भएको व्याक्टेरिया तथा भाइरसलाई विभिन्न तरिकाबाट हटाउन सकिने उनको भनाइ छ । 'युभी रे टेक्नोलोजी', 'जेर्मिसाइड मेथोड' र 'प्लाज्मा आयोन टेक्नोलोजी' बाट सहज रुपमा कीटाणुनाशक बनाउन सकिन्छ । 'युभी रे टेक्नोलोजी', 'जेर्मिसाइड मेथोड' बाट पैसालाई कीटाणुनाशक बनाउँदा मानव शरीरप्रति नकारात्मक प्रभाव पार्ने भएकाले 'प्लाज्मा आयोन टेक्नोलोजी' अहिलेको अत्याधुनिक प्रविधि भएको उनी बताउँछन् ।

संयुक्त राज्य अमेरिका, कोरिया, सिङ्गापुर, चीन, भारत, जापान, अस्ट्रेलिया, थाइल्याण्ड, भियतनाम, कम्बोडिया, बेलायत, कुवेत र संयुक्त अरब इमिरेट्स (युएई) लगायत कतिपय मुलुकका बैंक तथा वित्तीय संस्थाले पैसामा हुने प्राणघातक व्याक्टेरिया तथा भाइरसको कीटाणुनाशक बनाउने उपकरण प्रयोगमा ल्याएका छन् ।

नेपाली पैसामा के कस्ता प्राणघातक रोगको सूक्ष्म जीव छन् भनी अध्ययन अनुसन्धान गर्नु अपरिहार्य भइसकेको उनको भनाइ छ । यस्तो प्राणघातक रोगबाट बच्ने के कस्तो उपाय छन् सो सम्बन्धी कीटाणुनाशक उपकरण लगाउने र जनचेतना जगाउने खालका कार्यक्रम ल्याउन जरुरी भइसकेको छ- उनले भने । पैसालाई कीटाणुनाशक बनाउन उपकरण प्रयोग गर्ने र पैसा प्रयोग गरिसकेपछि साबुन पानीले राम्रोसंग हात धुने गर्नुपर्छ ।

## कागतीको ...

किसानले गर्न खोज्यो समस्या पर्दा हेरिदिने निकाय नहुँदा समस्यामाथि समस्या थपिँदोरहेछ । अहिले मलाई किस्ता तिर्न समेत धौ-धौ परेको छ । फलेका कागती नमरेका भए अहिले किस्ता तिर्ने आधार हुन्थ्यो तर कागती मरेपछि समस्या भएको हो- उप्रेतीले भने । वर्षा कृषि फर्म दर्ता गरेर व्यवसायिक कागती खेती शुरु गरियो- उप्रेतीले भने- सपना ठूलै थियो, कागती बेचेर खेती गर्दा लागेको ऋण तिरौंला, अनि घर खर्च चलाउँदै कागतीमा विरुवा उत्पादन गरी अरुलाई पनि कागती खेतीप्रति प्रोत्साहित गरौंला भन्ने सोच थियो त्यो सपनामै सीमित भयो ।

उप्रेतीले कागतीका विरुवा प्रतिगोटा एक सय ७० रुपैयाँका दरले खरिद गरेको बताएका छन् । कागतीका बोट भटाभट मरे पनि अब व्यवसायिक कागती खेती गर्न लिएको ऋण कसरी तिर्ने भन्ने चिन्ता थपिएको छ- उप्रेती भन्छन्- 'छाडौं दुनियाको हाँसो, गरौं आफैंलाई गलपासो भयो ।'

उप्रेतीले शुरु गरेको व्यवसायिक कागती खेती गर्न नजानेर समस्या भएको होइन, समस्या नै कसैले पत्ता लगाउन नसक्दा समस्या भएको हो- नागरिक समाजका अगुवा देवी गिरी भन्छन्- किसानलाई सँधै पिरलो हुँदोरहेछ, गर्न खोज्यो बोटै मर्छ, बेच्ने वेलामा बजार हुँदैन अनि कसरी किसान उँभो लाग्छ ? राज्यले व्यवसायिक खेती गर्ने किसानका लागि बिमाको व्यवस्था गर्दै वास्तविक किसानलाई अनुदान दिनु पर्छ- गिरीले भने । त्यसो त उप्रेतीले कागतीसँगै मेवा खेती पनि गरेका थिए । मेवाको वोट पनि मरेपछि अहिले उप्रेतीले सोही ठाउँमा केरा खेती शुरु गरेका छन् । केरासँगै एबाकार्डो खेती गरे पनि राम्ररी नफष्टाएको उनको भनाइ छ ।

माटोमा अत्यधिक रसायनिक मलको प्रयोगका कारण अम्लियपन बढ्दै जाने र बालीनाली नसप्रिने कृषिविज्ञको भनाइ छ । किसानले खेती गरे पनि माटोको उर्वराशक्ति कस्तो छ भन्ने विषयमा कुनै दिन नजचाउँदा त्यसखाले समस्या आउने गरेको र समय-समयमा माटो जाँच गराउन कृषिविज्ञको सुझाव छ ।

## प्रहरीलाई ...

प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

कोठाभित्र सुतिराखेको अवस्थामा छोरालाई मोटरसाइकलमा आएका अपरिचित व्यक्तिले अपहरण गरेको मियाँले बयान दिएका थिए । बालकका बुवाले सुरक्षा बेस क्याम्प पथ्थरगाडामा मौखिक जाहेरी दिएपछि प्रहरीले तत्काल घटनाबारे अनुसन्धान शुरु गरेको थियो ।

बालकले आफूलाई कसैले अपहरण नगरेको जवाफ दिएका छन् । घटनाबारे आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


# आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**

# १००% रोजगारसहित होटल तालिममा भर्ना खुल्यो

काठमाडौंबाट सञ्चालित एसियन होटल ट्रेनिङको ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो । तालिमहरु कुक, इण्डियन, चाइनिज, कन्टीनेन्टल, इटालिएन र वेटर ।

**हाम्रा विशेषताहरू :**

- काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने ।
- तालिमलाई चाहिने सम्पूर्ण सामान काठमाडौंबाट ल्याइने ।
- तालिमपछि आफ्नै कम्पनीबाट विदेश पठाइने ।
- दक्ष नभए पुनः रि-क्लास गरी दक्ष बनाइने ।
- तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङमा पठाइने ।



सम्पर्क : **होटल अलपाइन**

शनिश्चरे रोड ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा

*नोटः यहाँ खान/बस्नको राम्रो व्यवस्था छ ।*

फोनः ०२३-५४०२३१
मो. ९८१२३५१२७१, ९८१२३५१२२६

# बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## सूचना ! सूचना !! सूचना !!!

विर्तामोड नगरपालिकाभित्रका सम्पूर्ण बाटाघाटाको नामाकरणसहित अन्तर्राष्ट्रिय स्तरको बैज्ञानिक पद्धती मेट्रिक प्रणलीद्वारा घरहरु नम्बरिङ्ग गरी घरधुरी सर्वेक्षण, शिक्षा, स्वास्थ्य, कृषि, पशु, व्यापार-व्यवसाय, संघ-संस्था, उद्योग, कलकारखाना, सडक, प्राकृतिक, सामाजिक तथा आर्थिक पक्ष आदि सम्बन्धी तथ्याङ्कहरु संकलन गरी सम्पूर्ण विवरण डिजिटल रुपमा संग्रहित गरेर नगरपालिकाको आगामी नीति, कार्यक्रम तथा योजना तर्जुमा गर्ने, नगरबासीलाई सरल, सहज र छिटो सेवा तथा सुविधा प्रदान गर्ने प्रयोजनार्थ नगर क्षेत्रभित्र तथ्याङ्क संकलन गर्ने काम शुरु भइसकेकोले संकलनकर्तालाई सही तथ्य सूचना तथा तथ्याङ्क उपलब्ध गराई सहयोग गरिदिनु हुन आम नगरबासीमा अनुरोध छ ।

– बिर्तामोड नगरपालिका

# कर्मचारी तु-आवश्यकता

लक्ष्मीपुरबाट पञ्चकन्या, प्रोभिडेन्स कलेज उत्तरबाट कृष्ण हल हुँदै मुक्तिचोक उत्तर शनिश्चरे रोड, पाथीभराटोल, कृषिथोक, महेन्द्र शोरुमसम्म लक्ष्मीपुरदेखि दुर्गापुर सिमसार चम्पापुरसम्म पत्रिका वितरण गर्ने आफ्नो मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।

तलबः १०,००० (बोनसले तेल हाल्न पुग्ने)

**सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३**

# कर्मचारी आवश्यकता

१) **सहकारी संस्थाको बजार प्रतिनिधिः** ५ जना (एसएलसी पास)
२) **एकाउन्टेन्टः** २ जना (+२ वा सोभन्दा माथि)
३) **सब ओभरसियरः** १ (एक बर्ष अनुभव भएको Auto Cad चलाउन जान्ने)
४) **ओभरसियरः** १ जना
५) **बेल्डर :** १ जना
६) **हेल्परः** १ जना
७) **सेल्समेनः** २ पुरुष (१ बर्ष अनुभव भएको)
८) **सेक्यूरिटी गार्डः** २० जना महिला/पुरुष (दुबै सामान्य लेखपढ)

**तलबः कम्पनीको नियम अनुसार अन्तरवार्ताः २०७६ चैत ६ गते विहीवार**

## विराट गोर्खा सेक्यूरिटी एण्ड सप्लायर्स कम्पनी

बिर्तामोड-५, कृषिथोक रोड
मो. ९८५२६४०१२३, ९८०७९१४१२३, ०२३-५४४८३४

# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

## समृद्ध वैदिक संस्कृति र कोरोना

**विश्वमा महामारीको रुप लिएको कोरोना भाइरसको संक्रमणले विश्वभर नै वैदिक सनातन धर्म र संस्कृतिको पहिचान कायम गराएको छ । यो भाइरसबाट सुरक्षित रहन विश्व स्वास्थ्य संगठनले परस्पर हात नमिलाउनु भनिरहेका बेला नेपालीको सम्मान गर्ने विशिष्ठ परम्परा हात जोडेर गरिने नमस्कार अहिले युरोप लगायतका सबै मुलुकमा पुगेको छ । आफ्ना दुबै हात जोडेर गरिने अभिवादन 'नमस्कार' कि 'नमस्ते' भन्नेमा यदाकदा विवाद रहँदै आएको पनि छ । यो विवाद 'नमस्कार' मै टुंगिने तर्क, आधार र तथ्यले पुष्टि भइसकेको छ । आफूभन्दा ठूलालाई दुई हात जोडेर गरिने नमस्कारले एकअर्कामा आदर, सम्मान, शिष्टता र सभ्यताको भाव व्यक्त गर्दछ । त्यही तथ्यलाई महामारीका रुपमा विस्तार भइरहेको कोरोना संक्रमणबाट जोगिने उपायमध्येको एक 'नमस्कार' परम्पराले सनातनी संस्कृतिको विशिष्टताको परिचय दिएको छ ।**

**वैदिक संस्कृति पृथ्वीकै पहिलो धर्म हो, संस्कृति र सभ्यता हो । यसले आफू मात्र होइन सम्पूर्ण पृथ्वी र पृथ्वीवासीको रक्षा, सेवा र उपकार गर्न सिकाउँछ । मानव–मानवकाबीच स्नेह, सद्भाव र सहयोग गर्न प्रेरित गर्छ र विश्व वन्धुत्वको गहिरो र हार्दिक सम्बन्धको सञ्चार गर्छ । तर पछिल्लो पुस्ता अरुहरुको अनुशरण गर्दै 'न घरको न त घाट' को भइरहेको छ । यसबेला विश्वले पछ्याउन थालेको नमस्कार, संस्कृति रोग प्रतिरोधका लागि भनिएला तर यसले व्यक्त गर्ने 'अभिमान नाश' गर्ने भाव र विज्ञान अद्वितीय छ । यही समय विश्वका चर्चित नेताहरु अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र आयरल्याण्डका प्रधानमन्त्री लियो भारड्कर, बेलायती राजकुमार चार्ल्सले परम्परा संस्कृति हात मिलाउन छाडेर नमस्कारबाट अभिवादन गरेको समाचारले चर्चा थपेको छ । यसैगरी इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले देशवासीलाई हात नमिलाउन र हात जोडेर नमस्कार गर्न आग्रह गरेका छन् ।**

**महामारीका सन्दर्भमा आएका यस्ता सूक्ष्म तथा महत्वपूर्ण विषयको अन्तर्यमा विज्ञान समेत छ । यो पूर्वीय संस्कृतिको उद्गम थलो भनिने नेपाल, भारत लगायतका मुलुकको सभ्यताको प्राचीनता र मौलिकता समेत हो । यसबेला कोरोनाको संक्रमणले विश्व समुदाय आक्रान्त छ । हाम्रो छिमेकी देश चीनबाट शुरु भएको यसको संक्रमणले चार हजारभन्दा बढी मानिसको ज्यान लिइसकेको छ । हामीलाई आजका दिनसम्म भगवान पशुपतिपनाथले सुरक्षित राखेका छन् । अन्यत्र यस्ता महामारीको सहाय सरकार हुन्छ, सम्पूर्ण सुरक्षाको दायित्व सरकारका हुन्छ । जसका कारण यस्ता महामारीविरुद्ध सम्पूर्ण संयन्त्र परिचालित हुन्छन् र ठूलो भवितव्य र क्षतिबाट जोगाइन्छ । हामी तिनै ईश्वरका कथाले बाँचेकाहरुले आफ्नो सुरक्षा आफैं गर्नुपर्छ किनकि अभिभावक र संरक्षक भनिने सरकारले भन्छ– सुरक्षित आफैं हुनु, प्रतिरक्षा आफैंले गर्नु ।**

**छिमेकी देश भारतले कोरोना भाइरसको संक्रमण देखिनासाथ सक्रियता देखाएको छ । कतिपय अन्तर्राष्ट्रिय उडानहरु बन्द गरेको छ भने स्थलमार्गका नाकाहरु समेत उच्च सतर्कता अपनाउन थालेको छ । यी समय त्यहाँका प्रधानमन्त्री मोदीले कोरोनाबिरुद्ध लड्न सार्क सहकार्यको प्रस्ताव गरेका छन् । सार्क देशहरुलाई सम्बोधन गरिएको उनको प्रस्तावमा सामुहिक सहकार्यमा स्वस्थ क्षेत्र निर्माणमा योगदान दिन आह्वान गरिएको छ । यसका लागि नेपाल, भारत, भुटान, बंगलादेश, श्रीलंका लगायत सबैको सामुहिक अग्रसरता आवश्यक हुन्छ । हावाबाट नसर्ने भएका कारण बेलैमा सजगता, सतर्कता र सुरक्षाको पूर्वाधार तयार गरिए यसले महामारीको रुप लिने थिएन । यसतर्फ सामुहिक प्रतिबद्धता र अग्रसरता त चाहिन्छ नै सँगसँगै हाम्रो अभिभावकले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्छ । यही पृष्ठभूमिमा वैदिक सनातनी संस्कृतिको समेत महिमाबोध हुनुपर्छ ।**

# एसईई: अभिभावक–विद्यार्थीको दायित्व



पूर्णबहादुर कटुवाल

हरेक वर्ष कक्षा १० को अन्त्यमा सञ्चालन हुने राष्ट्रियस्तरको परीक्षा (माध्यमिक शिक्षा परीक्षा कक्षा(१०) यस वर्ष विहीवारबाट शुरु हुँदैछ। विगतमा एसएलसी परीक्षाको नामबाट सञ्चालन हुँदै आएको सो परीक्षा नयाँ शैक्षिक संरचना अनुसार ग्रेडिङ प्रणालीमा नतिजा प्रकाशन हुने र प्रादेशिकस्तरबाट परीक्षा सञ्चालन हुने गरेको छ। नतिजा प्रकाशन र परीक्षा सञ्चालनको जिम्मेवारीमा परिवर्तन भए पनि कक्षा १०को अन्त्यमा लिइने माध्यमिक तहको परीक्षाको स्तर र महत्वमा कुनै कमी आएको छैन। फरक यति मात्र हो कि विगतमा एसएलसी परीक्षालाई फलामे ढोकाको संज्ञा दिइ गलत अफवाह फैलाई परीक्षार्थी र आम अभिभावकमा मनोवैज्ञानिक त्रास सिर्जना गरिन्थ्यो।

तर, परीक्षा नियमित प्रक्रिया हो र विद्यार्थीले कति ज्ञान आर्जन गरे भन्ने मापन गर्नको लागि लिइने परीक्षालाई समान्य, सहज र नियमित प्रकृयाका रुपमा वुझ्न पछिल्लो परीक्षा प्रणालीले मद्दत गरेको छ। हाम्रो वुझाइ पनि परीक्षालाई डरलाग्दो रुपमा नलिनु भन्ने सन्देश नै अहिले परीक्षा प्रणालीले दिएको छ।

जनपरीक्षाको नतिजा प्रकाशनलाई अंकको सट्टा अक्षर प्रणालीमा लगिएको छ, विद्यार्थी र अभिभावकको बुझाई र जिम्मेवारी केही शिथिलता देखिएको छ। परीक्षाको ओज र महत्व घटेको छैन किनकी ज्ञान मापन गर्ने आधार मात्र फरक भएको छ। तर, अहिले कक्षा १० को परीक्षा र नतिजा प्रकाशनको नयाँ व्यवस्थालाई सहज मात्र बुझ्नु पर्नेमा विद्यार्थी र अभिभावकको वुझाई यतिमा मात्र सीमित देखिएन। एसईई उत्तीर्ण गर्न मेहनत साथ अध्ययन अध्यापन नै नगरे पनि हुने भन्ने एक किसिमको गलत मानसिकता पनि विकसित भएको देखिएको छ। पढ्न शुरु गरेपछि फेल नै नहुने भएकोले मेहनत नै गर्नुपर्दैन भन्ने गलत सोचको विकास भएको छ। विद्यार्थी र अभिभावकले यतिसम्म पनि लिने गरेको पाइन्छ कि कक्षा १० मा सेन्टअफ परीक्षा नै नहुने, विद्यालयहरुले लिने परीक्षामा फेल नै नहुने, एसईईको रिजल्टमा प्रथम प्रथम, द्वितीय वा तृतीय श्रेणी नै नहुने, परीक्षामा सामेल हुने बित्तिकै निश्चित समयपछि माथिल्लो कक्षामा पढ्न पाइने भन्ने जस्ता गलत सोचाइको विकास भएको छ। यो गलत सोचाइ र बुझाईले समग्र शिक्षा प्रणाली नै कमजोर हुने संकेत देखिएको छ।

विषयवस्तुको अध्ययन र ज्ञान आर्जन केवल परीक्षा र नतिजासँग मात्र जोड्नु हुँदैन। हामी यही जोडाइमा रहन थाल्यौं। फलतः परीक्षा प्रणालीमा ल्याइएको सहज वातावरणलाई एउटा विद्यार्थीको सिङ्गो भविष्य र जीवनसँग जोड्न थालेर गल्ती पनि गर्न शुरु गरेका छौं। वास्तवमा कुनै पनि परीक्षा परीक्षार्थी फेल वा पास हुँदैन, विद्यार्थीको समूहमा अर्थात् तोकिएको श्रेणीभित्र समान ज्ञान भएकाहरुलाई एक ठाउँमा राखिन्छ। अहिले धेरैजसो अभिभावक विद्यार्थीको सोचाइ विद्यालय जाने र शैक्षिक सत्र मात्र पूरा गर्ने भन्ने देखिएको छ।

विद्यालयहरुमा कुनै पनि विद्यार्थीले त्यही मोडलको पाठ्यक्रमको आधारमा अध्ययन गरेको हुन्छ। शिक्षकले पनि त्यही पाठ्यक्रमकै आधारमा अध्यापन गरेको हुन्छ। सिकाइ व्यवहारिक, वैज्ञानिक र सहज बनाउनु शिक्षण सिकाइको मूल उद्देश्य पनि हो। तर, सिकाइलाई कमजोर बनाउने अभिप्राय परिवर्तित कुनै शैक्षणिक गतिविधिको हुँदैन र होइन पनि।

अभिभावकहरुले आफ्ना छोराछोरीप्रति सकारात्मक सोचाइ वृद्धि गर्नुपर्छ। अध्ययन अध्यापनमा आफ्नो छोराछोरीप्रति बढी नै



यही गलत सोचाइका कारण दुई तीन वर्ष यता माथिल्लो कक्षा अर्थात् कक्षा ११/१२ मा विद्यार्थी भर्नाको स्थितिमा परिवर्तन आएको छ। विषयगत जीपीए र ग्रेड कमजोर हुने विद्यार्थीहरु माथिल्लो कक्षामा आफूले सोचेको र चाहेजस्तो विषय अध्ययन गर्न पाइरहेका छैनन्। प्राविधिक विषय अध्ययन गर्ने इच्छा राख्ने विद्यार्थी नै कक्षा १० को परीक्षामा कमजोर जीपीए प्राप्त गरेकोले यस्तो अवस्था सिर्जना भएको हो। माथिल्लो तहमा गणित, अंग्रेजी, विज्ञान वा व्यवस्थापन समूहका विषय अध्ययन गर्ने चाहना विद्यार्थीहरु नै तल्लो स्तरममा कमजोर जीपीए प्राप्त गरेका कारण पछाडि परिरहेका छन्। विद्यार्थी र कतिपय बुझ्ने अभिभावकहरुले नै कक्षा १० सम्मको पठनपाठनमा गलत सोचको कारण विद्यार्थीको भविष्य नै उनीहरुको सोच विपरीत देखिएको छ।

जिम्मेवार हुन आवश्यक छ। अहिलेको अभिभावकको पुस्ता भनेको सकारात्मक र बढी सुझवुझ राख्ने पुस्ता हो। आफ्ना बालबच्चाले नतिजाको विषयलाई लिएर अध्ययन कार्यलाई कमजोर बनाउन कोशिस गरे भने अभिभावकले त्यसलाई गम्भीर रुपमा सोच्नैपर्छ। यो प्रतिष्पर्धात्मक युग हो। प्रतिष्पर्धा नगरी कुनै पनि व्यक्तिले भावी जीवनलाई सक्षम र सवल बनाउन सम्भव छैन। किताबी ज्ञान, पास, फेल एउटा पाटो हो भने जीवनको करियर बनाउने अर्कै पाटो हो। तसर्थ, प्रतिष्पर्धी मानवसाधन उत्पादन गर्न नतिजाको जोडघटाउलाई मात्र बुझ्न हुँदैन। केवल सक्षम व्यक्ति मात्र भावी दिनमा सफल जीवन निर्माण गर्न सक्छ। यो सफल जीवन निर्माण गर्न अभिभावकको गहन दायित्व भएकोले जिम्मेवारी वहन गर्नुपर्छ।

कक्षा १० सम्म अध्ययन गरिसकेपछि

> विद्यार्थी र अभिभावकले यतिसम्म पनि लिने गरेको पाइन्छ कि कक्षा १० मा सेन्टअफ परीक्षा नै नहुने, विद्यालयहरुले लिने परीक्षामा फेल नै नहुने, एसईईको रिजल्टमा प्रथम प्रथम, द्वितीय वा तृतीय श्रेणी नै नहुने, परीक्षामा सामेल हुने बित्तिकै निश्चित समयपछि माथिल्लो कक्षामा पढ्न पाइने भन्ने जस्ता गलत सोचाइको विकास भएको छ।

विद्यार्थीले पनि आफ्नो भविश्यको वारेमा सकारात्मक सोचको वानीको विकास गर्नुपर्ने हुन्छ। एसईई परीक्षामा सामेल हुँदैमा कक्षा ११मा अध्ययन गर्नु मात्र होइन। त्यो तहमा पनि आफूले सोचेजस्तो विषय अध्ययन गर्न पाउनु पनि हो। हो, नतिजा मा त पास वा फेल को कुरा भएन तर दीर्घकालीन प्रभाव भनेको सफल जीवनको सवाल पनि हो। तसर्थ, उच्च जीपीए को अपेक्षा विद्यार्थीले राख्नुपर्छ। यो अपेक्षाको लागि पनि गहन अध्ययनको जरुरी पर्छ। गहन अध्ययनले ज्ञान अभिवृद्धि गर्छ यो ज्ञान अभिवृद्धि गरी प्रतिष्पर्धी व्यक्तित्वको विकास गर्नु अवसर हो- एसईईको यो सहज वातावरण। फलामे ढोकाको पुरातन मान्यतालाई तोडेर सहज वातावरणमा असल नागरिक वन्ने सुनौलो अवसरलाई हरेक विद्यार्थीले आत्मसात गर्नुपर्छ।

अहिलेको पठनपाठन, अतिरिक्त कृयाकलापका अवसरहरु, परीक्षाको प्रणाली, नतिजा व्यवस्थापन आदी सवै इकाइहरु विद्यार्थीलाई सहज मनोवैज्ञानिक वातावरणमा सक्षम नागरिक बनाउने आधारहरु हुन्। यी आधारहरुलाई हरेक विद्यार्थीले सहज र सकारात्मक रुपमा ग्रहण गर्दै आफ्नो पठनपाठन कार्यलाई व्यवहारिक, प्रतिष्पर्धी र जीवनोपयोगी वनाउन कोशिस गर्नुपर्छ। ज्ञान आर्जन गर्ने चरणमा विद्यार्थी रहेको अवस्थामा नतिजा विश्लेषणको जरुरत पर्दैन। आम विद्यार्थीले आफू सक्षम र सफलताको सिंढीमा उक्लनको लागि एसईई मात्र नभई हरेक परीक्षामा आफूलाई एउटा कुशल यात्रुको रुपमा लिन सक्नुपर्छ।

## चिल्ड्रेनका विद्यार्थीद्वारा वृद्धवृद्धालाई सहयोग




**विर्तामोड, चैत १।** झापा कनकाई नगरपालिका-४ कोटीहोमस्थित राधाकृष्ण मन्दिर र अन्य वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरु शनिवार औधी खुशी देखिए। उनीहरु खुशी देखिनुको कारण थियो नगद र दैनिक उपभोग्य खाद्यान्न सामग्री प्राप्त गर्नु। उनीहरुलाई त्यो अवसर जुराइदिएको थियो विर्तामोडमा रहेको चिल्ड्रेन इन्भारोमेन्ट स्कूलले।

विद्यालयमा रहेको सिइएस वाल क्लवमा आवद्ध विद्यार्थी र कक्षा १०मा अध्ययनरत् विद्यार्थीले अभिभावक र विद्यालयको सहयोगमा दैनिक उपभोग्य खाद्यान्न सामग्री खरिद गरी वृद्धवृद्धाहरुलाई प्रदान गरेका हुन्। विद्यालयले 'एक दिन भगवानसँग' भन्ने नारा तय गरी बिद्यार्थीलाई कितावी ज्ञानसँगै व्यवहारिक ज्ञान दिने उद्देश्यले यस्तो कार्यक्रम गरिएको विद्यालयका प्रिन्सिपल सन्तोष सुव्वाले बताए। उनले वृद्धवृद्धाहरु भनेका ज्यूँदा तीर्थ हुन्। उनीहरुलाई घृणा होइन माया गर्नुपर्छ भन्ने सन्देश दिन विद्यार्थीको सहभागितामा यस्तो कार्यक्रम गरिएको जानकारी दिए।

सिइएस बाल क्लवकी अध्यक्ष रेवा पोखरेलको अध्यक्षता तथा पूर्वाञ्चल दैनिकका उपसम्पादक तुलसीप्रसाद निरौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालयको शिक्षक अभिभावक संघका सचिव तथा कार्यक्रम संयोजक मानबहादुर तामाङ, थिएटर प्रशिक्षक दिनेशराज शर्मा, शिक्षक रिता मिश्र, विद्यालयका म्यानेजर दिपेन सुव्वा, विद्यालय व्यवस्थापन समिति सदस्य खेमराज चौहान र विद्यार्थीले वृद्धवृद्धाहरुलाई उक्त सामग्री प्रदान गरेका थिए। कार्यक्रममा राधाकृष्ण मन्दिर र अन्य वृद्धाश्रममा रहेका ३० जनाभन्दा वढी वृद्धवृद्धाहरुलाई उक्त सामग्री प्रदान गरिएको थियो।

कार्यक्रममा सिइएस बाल क्लवमा आवद्ध विद्यार्थी र कक्षा १०मा अध्ययनरत् विद्यार्थीले वृद्धवृद्धाहरुलाई दैनिक उपभोग्य खाद्यान्न सामग्री र नगद प्रदान गरी उनीहरुसंग आशीर्वाद समेत लिएका थिए। त्यस्तै विद्यार्थीले वृद्धवृद्धाहरुसंग भलाकुसारी गरी उनीहरुका विगतबारे जानकारी समेत लिएका थिए। वृद्धवृद्धाहरुले आफूहरु विभिन्न कारणले वृद्धाश्रममा बस्नुपरेको बताउँदै आफ्ना आमा बुबालाई माया र सम्मान गर्न विद्यार्थीलाई सुझाव दिएका थिए।

कार्यक्रममा सहभागी विद्यार्थीले बृद्धाश्रममा लगेर वृद्धवृद्धाहरुसँग भलाकुसारी गरी उनीहरुका बिगतवारे जान्न पाउने अवसर प्रदान गरेकोमा विद्यालयलाई धन्यवाद दिँदै आफ्ना आमा वुवालाई सदैव माया र सम्मान गर्ने प्रतिवद्धता जनाएका थिए।

कार्यक्रममा राधाकृष्ण मन्दिरकी संस्थापक सदस्य गायत्रा खतिवडाले विद्यालय र विद्यार्थीले वृद्धवृद्धाहरुलाई दैनिक उपभोग्य खाद्यान्न सामग्री र नगद प्रदान गरेकोमा धन्यवाद दिएकी थिइन्। कार्यक्रमको सञ्चालन विद्यालयका शिक्षक डिएन लुइँटेलले गरेका थिए।

## कृषि सामग्री वितरण

**सुरुङ्गा, चैत १।** कनकाई नगरपालिका-४का कृषकहरुलाई वडामा कृषिको लागि विनियोजित १२ लाख रुपैयाँमध्येबाट सात लाख रुपैयाँ बराबरको विभिन्न कृषि सामग्री वितरण गरिएको छ।

वडामा रहेका विभिन्न ११ वटा कृषक समूहको माग अनुसार समूहगत रुपमा ३ थान पावर टेलर, मकै रोप्ने मेसिन १६ थान, मकै छुडाउने मेसिन ८ थान, चार्ज बाट र चार्ज नहुँदा पम्प बाटै स्प्रे गर्न सकिने स्प्रे मेसिन ८ थान र जैविक मल वनाउन आवश्यक भाँडोको रुपमा ५० लिटर, १०० लिटर र २०० लिटरका गरी प्रत्येक समूहलाई ६-६ थान पानीट्यांकी साथै टनेल वितरण गरिएको हो।

कृषक समूहहरुलाई उक्त कृषि सामग्री हस्तान्तरण गर्दै समूहमा सबैजसो कृषक आबद्ध भइसकेको र यदि कोही समूहमा आवद्ध नभएका असली कृषक भए उनीहरुको समेत पहिचान गरी कृषि सामग्री वितरण गरिने वडाध्यक्ष गोविन्दप्रसाद पौडेलले बताएका छन्।

कनकाई नगरलाई जैविक नगर घोषणा गर्ने अभियानमा लागिरहँदा जैविक खेती प्रणालीको शुरुवात पनि वडा नं. ४बाटै भएको कनकाई नगरका जैविक खेती प्रचारप्रसार तथा प्रविधि समितिका सचिव तथा कनकाई-४का साना कृषि यन्त्र खरिद समितिका अध्यक्ष डिल्ली सिटौलाले बताएका छन्। अहिले वडाको ६ लाख र कृषक उपभोक्ताबाट एक लाख ३६ हजार रुपैयाँ बराबरीको साझेदारीमा उक्त सामग्री खरिद गरी वितरण गरिएको र अब बाँकी रकमबाट बोरिङ, कृषि चुन र अन्य आवश्यक सामग्री खरिद गरिने पनि कृषियन्त्र खरिद समितिका अध्यक्ष सिटौलाले जानकारी गराएका छन्।

कनकाई नगर-४का वडा सदस्यद्वय देवीमाया दाहाल र रोशन सुवेदी लगायतले आधुनिक समयमा आधुनिक कृषि यन्त्र नहुँदा खेती गर्न समस्या भैरहेको वेला कृषि प्रधान देशका कृषकको समस्या लाई मध्यनजर गरी जवाफदेही हुँदै वडाले कृषि सामग्री वितरण गरेकोले कृषकलाई थोरै भए पनि राहत भएको बताएका छन्।

## उत्कृष्ट लयमा युनिक

जन्मिएको १६ बर्षमा एउटा बालकले नागरिकता प्राप्त गरेर जिम्मेवार नागरिक भएझैं झापाको मेचीनगर-१२मा अवस्थित युनिक इङ्लिस बोर्डिङ स्कूलले आफूलाई एउटा जिम्मेवारी र स्थापित विद्यालयको रुपमा उभ्याएको छ।

वि.स. २०६१ सालमा सोही क्षेत्रका उदीयमान युवा विष्णुप्रसाद रिमालको नेतृत्वमा स्थापित उक्त विद्यालयले त्यस क्षेत्रकै शैक्षिक गन्तव्यको रुपमा आफ्नो परिचय बनाएको हो। २०६१ सालमा ५५जना विद्यार्थी लिएर कक्षा एकसम्म अध्यापन गराउन शुरु गरेको विद्यालयमा हालकरिब पाँच सय विद्यार्थी अध्ययनरत् रहेको विद्यालयका प्रिन्सिपल विष्णुप्रसाद रिमालले बताए।

मेचीनगर, अर्जुनधारा र बुद्धशान्तिको सीमाना मेचीनगर-१२मा स्थापित उक्त विद्यालयले त्यस क्षेत्रका अभिभावकको आफ्ना छोराछोरीलाई न्यूनतम् शुल्कमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने चाहना उक्त विद्यालयले पूरा गरिदिएको स्थानीय अभिभावक मोहनकुमार लिम्बूले बताए। नाम युनिक भए जस्तै हाम्रो काम पनि युनिक नै छ, मासिक रुपमा युनिक दर्पण निकालेर महिनाभरि विद्यालयमा गरिने गतिविधिबारे




अभिभावकलाई जानकारी दिनु, देशकै चर्चित व्यक्तित्वहरुलाई बोलाएर उनीहरुका बालापनदेखि अहिलेसम्मका सफलता, असफलताका कथाहरु सुनाएर विद्यार्थीलाई अभिप्रेरित गर्नु, अंकमा होइन, व्यवहार उन्मुख सिकाई गर्नु हाम्रो मुख्य विशेषता हो- लेखापाल घनश्याम घिमिरेले बताए।

स्तरीय कम्प्युटर, ल्याब, लाइब्रेरी, विज्ञान प्रयोगशाला लगायतका सामग्री विद्यालयमा रहेको र त्यसले गर्दा विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम रहेको विद्यालयका सहप्राचार्य बासुदेव ढुंगानाले बताए। २०७३ सालदेखि एसएलसीमा सामेल गराउन थालेको विद्यालयले यसबर्ष चौथो व्याजको एसईई परीक्षामा १९ जना विद्यार्थीलाई सामेल गराउने र उनीहरुले उत्कृष्ट नतिजा निकाल्नेमा आफू विश्वस्त रहेको प्रिन्सिपल रिमालले बताए। हाल विद्यालयमा शिक्षक कर्मचारी २२ जना र अन्य कर्मचारी ७ जना गरी २९ जना कर्मचारी कार्यरत रहेको उनले बताए। उनले भने- १६ बर्षको युवक भएर होला हामी अहिले उत्कृष्ट लयमा छौं।



# सामुदायिक विद्यालयका विद्यार्थीलाई निःशुल्क दिवा खाजा

**हल्दिवारी, चैत १।** हल्दिवारी गाउँपालिकाको छैठौं गाउँसभाले बाल कक्षादेखि ५ कक्षासम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गर्ने निर्णय गरेको छ ।

गाउँ शिक्षा समितिका अध्यक्ष तथा हल्दिवारी गाउँपालिकाका उपाध्यक्ष डम्बर गिरीले सामुदायिक विद्यालयमा विद्यार्थी बढाउन दैनिक २० रुपैयाँ बराबरको खाजा खाने व्यवस्था यही चालू शैक्षिक सत्रबाट शुरु गर्न लागिएको बताए । उपाध्यक्ष गिरीकै पहलमा शिक्षामा २ बर्षको अवधिमा ७ करोडभन्दा बढी लगानी भइसकेको र जसले गर्दा हल्दिवारी गाउँ पालिकामा रहेका सामुदायिक विद्यालयहरुको अवस्थामा सुधार आएको बताइएको छ ।

सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन शुरु गरिएको छ भने सबै मावि, आवि र प्राविमा कम्प्युटर शिक्षक, ई-हाजिरी, सीसी क्यामेराबाट निगरानी, अंग्रेजी, विज्ञान, योग, कवड्डी, जुरोकराते, फुटबल जस्ता शिक्षकहरुको व्यवस्थापन गरिएको बताइएको छ । शिक्षामा गरेको लगानीको प्रतिफल सरस्वती पूजामा अक्षर आरम्भ गर्ने क्रममा सामुदायिक विद्यालयमा चार सयभन्दा बढी विद्यार्थी भर्नाबाट देखिएको छ ।

गाउँपालिकाको छैठौं गाउँसभाबाट पारित गरिएको दिवा खाजा व्यवस्थाले नयाँ शैक्षिक सत्रदेखि विपन्न विद्यार्थीहरुको उपस्थित बढ्ने उपाध्यक्ष गिरीले बताए । गाउँसभाले दिवा खाजाको लागि बैशाख, जेठ, असारको लागि २५ लाख विनियोजन गरेको छ भने सामुदायिक विद्यालयका २ हजार विद्यार्थीलाई प्रत्येक दिन फरक-फरक खाजा ताजा खुवाउने व्यवस्था गरिएको उपाध्यक्ष गिरीले बताए ।

---

इन्दै बिल्ली गरुन् भुजेर पढ्न त्यो बिल्ली मान्ईन त्यो
आयो टप्प टिप्यो, लग्यो मिलि पुग्यो टारेर टर्दैन त्यो

## भावपूर्ण श्रद्धाञ्जलि



जन्म
२०२२।०५।२२
सिराहा

निधन
२०७६।११।२८
मेचीनगर-६

**स्व. उद्धवबहादुर भट्ट क्षेत्री**

मेरा/हाम्रा प्रातःस्मरणीय श्रीमान्/ देवर/बुबा/काका/हजुरबुबा **उद्धवबहादुर भट्ट क्षेत्री**को २०७६ फागुन २८ गते बुधवारका दिन असामयिक निधन भएकोले हामी अत्यन्त दुःखी एवम् मर्माहत भएका छौं ।

वियोगको यस पीडादायी क्षणमा उहाँको आत्माले बैकुण्ठमा बास पाओस् भनी दिवंगत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**श्रीमती:** कर्णमाया भट्ट क्षेत्री
**छोरा/बुहारी:** शंकर-पूजा भट्ट क्षेत्री
" अनिल-प्रवीना भट्ट क्षेत्री
**छोरी/ज्वाईं:** कला-ध्रुव राई
" कल्पना-मनोज खड्का
**भाउजू:** तारादेवी भट्ट क्षेत्री
**भतिज:** सुमन भट्ट क्षेत्री
**नातिनीहरु:** दिव्या, अथिति, उपासना, अनुश्री
**नाति:** अनसुमन

एवम् **समस्त भट्ट क्षेत्री परिवार**

मेनपा-६, काँकरभिट्टा, प्रगतिटोल, झापा

---

## काठमाडौका डाक्टरद्वारा निःशुल्क स्वास्थ्य परीक्षण

यही चैत्र २ गते आइतबारका दिन काठमाडौंबाट आउनुहुने पाइल्स, फिसर, फिस्टुला रोगका अनुभवी आयुर्वेद डा.राजकुमार शाह र हाडजोर्नी, नशा तथा प्यारालाइसिसका अनुभवी फिजियोथेरापिस्ट डा.भगवान शाहद्वारा निःशुल्क स्वास्थ्य जाँच गरिने भएकोले यथाशीघ्र नाम टिपाइ मौकाको फाइदा उठाउनुहोस् ।

**उपचार हुने समस्याहरु :-**
ग्यास्ट्रीक, कब्जियत, सुगर, प्रेसर, खोकी, पिनास, थाइराइड, कोलेस्ट्रोल, मृगौलाको पत्थरी, छातीको दाग, महिला तथा पुरुषका गुप्त रोग, एलर्जी, पोतो, डण्डीफोर, माइग्रेन, अनिद्रा, बाथ, युरिक एसिड, कम्मर र गर्दन दुख्ने, घुडा जोर्नी दुख्ने, नशा च्यापिएको, हड्डी खिइएको, शरीर झम्झमाउने, मुख बाङ्गिएको, कुम जाम भएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३

---

## कतारमा रोजगारको

कम्पनी: AL ZAEEM SECURITY SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७६/०९/१४ | चलानी नं.: ६०१४९२८३ | L.T. No.: 230108

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard (Male) | 50 | 0 | स. कामगा दक्ष | 1500 | ४६,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

FINAL INTERVIEW (2020-03-16) CHAITRA 03 AT BIRTAMODE, JHAPA

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**LEADER OVERSEAS PVT. LTD.**
Samakhushi-26, Kathmandu, Nepal, Tel: +977- 1- 402122
OFFICE CONTACT: 9801445552, 9804909933

---

## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित
## झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः**
**बिहान : ७:३०, ८ :३०, ९ :१५, १० :१५, ११ :१५, १२ :१५,**
**बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।**
**बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :**
**मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७**
**काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :**
**बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)**
**बिर्तामोडबाट रविः ९८१५९९०९४४ वीरेन्द्र राई**

---

**सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**




---

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

विगत लामो समयदेखि आधिकारिक रुपमा नेपाल सरकारको इजाजत प्राप्त सेक्युरिटी दिँदै आएको (सेभेन स्टार सेक्युरिटी सर्भिस) प्रा.लि. शाखा कार्यालय बिर्तामोडले देश तथा विदेशबाट पूर्ण अनुभव प्राप्त दक्ष प्रशिक्षकद्वारा निःशुल्क तालिम दिलाइ सेक्युरिटी समबनधी पूर्ण ज्ञान दिँदै शारीरिक रुपमा, मानसिक रुपमा एवम् आत्मरक्षा सम्बन्धी पनि प्रशिक्षण दिलाउने हुँदा यथाशीघ्र मौकाको फाइदा उठाइ आफूलाई आत्मनिर्भर दिलाउनु हुन यो सूचना प्रकाशित गर्दछौं ।

**तालिमको किसिम :**
१) सेक्युरिटी तालिम २) बडीगार्ड तालिम
३) पर्सनल बडीगार्ड तालिम ४) मार्शल आर्ट (बेसिक) तालिम

**सम्पर्कः बिर्तामोड, भद्रपुररोड**
०२३-५४६६२४, ९८५२६७३९५५, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८०१४१६८४२

---

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOCUS POWER SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति [illegible] | LT. No. 234555 | चलानी नं. [illegible]


| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARD | 60 | 0 | 2270 | ३८,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान र मिति : मेनपावर कार्यालय काठमाडौमा चैत ५ गते (18th Mar. 2020) मा र सिपि होटल बिर्तामोड झापामा चैत ७ गते (20th Mar. 2020) मा हुनेछ ।

**नोटः यसैगरी दुबईमा क्लिनर, कार्पेन्टर, मेसन, स्टिलफिक्चर र स्काफहोल्डरहरुको पनि माग भई आएको हुनाले जान चाहनेले तुरुन्त सम्पर्क गर्नुहोला ।**

**Employment Creation Service Pvt. Ltd.**
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
सम्पर्क: 9826901571, 9803577699, 9803393608, 9845449093, 9862748933

---




बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउं जानको लागि सम्झनुहोस् ।

---

## कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै चैत १५ देखि Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला । **Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
**अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।**

---

## UAE को राजधानी अबुधावीका लागि नेपाली ट्याक्सी ड्राइभरहरु र फ्याक्ट्री हेल्परहरुलाई रोजगारको सुवर्ण अवसर

**नेपाली लाइसेन्स हुनेलाई युएईको लाइसेन्स ग्यारेन्टी गरिनेछ ।**

कम्पनी : **BAKEMART L. L. C.** शहर : **DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ | चलानी नं. ६०१४१४३९ | लट नं. २२१७७९

| पद | संख्या | तलब | खाना/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Helper | ८० | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ वर्ष |

नोटः युएईको **No 1 ARABIA TAXI L.L.C. ABUDHABI** कम्पनीको लागि २०० जना नेपाली ट्याक्सी ड्राइभरहरुको माग भई आएको छ । तलब ८०० बेसिक+कमिशन गरी ४७००DHS सम्म कमाइ गर्न सकिने हुँदा जान इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
उमेरको हकमा १९ वर्षदेखि माथि ४५ वर्षसम्मको हुनुपर्नेछ । अंग्रेजी सामान्य लेख्न, बोल्न सक्ने हुनुपर्नेछ ।

**फाइनल अन्तरवार्ता चैत ३ गते सोमबार बिर्तामोडमा हुनेछ ।**

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत नं. ३९६/०७०/०७१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)

---

## UAE को बहुप्रतिष्ठित कम्पनीमा PSBD Security Guard को आवश्यकता

कम्पनी : U.S.G. Group LLC

पूर्व स्वीकृति मिति : 2076/10/07 | चलानी नं. 60150258 | L.T.NO. 231489

| कामदारको पद | माग संख्या Male | माग संख्या Female | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Security Guard | 100 | 45 | काममा अनुभव | 2000 | ६३,६४० | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | क.नि. अनुसार | छैन/छ | छैन/छ | २ वर्ष |
| Secrity Guard DPS | 100 | | कामामा अनुभव | 1200 | | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | क.नि. अनुसार | छैन/छ | छैन/छ | २ वर्ष |

**नोटः**
❖ SLC पास गरेको हुनुपर्नेछ । ❖ अंग्रेजी भाषा राम्रोसँग लेख्न, बोल्न, र पढ्न जान्ने हुनुपर्नेछ ।
❖ उचाई कम्तीमा ५ फिट ६ इन्च भन्दा माथि हुनुपर्नेछ । ❖ उमेर २१ देखी ४० वर्षसम्म हुनुपर्नेछ ।
यसको वेसिक सेलरी २००० दिराम भएता पनि १२ घण्टा ३० दिन काम गरेबापत ३३०० दिराम कमाइ हुनेछ ।
यसैगरी यसै कम्पनीमा DPS तलब २२६२ दिराम भएको सिक्युरिटी गार्डको पनि सोही दिन अन्तरवार्ता हुनेछ ।

फाईनल अर्न्तवार्ता सम्बन्धीत कम्पनिको प्रतिनिधिवाट यहि मिति २०७६ चैत्र 08 (2020 March 17) मा सिपी होटल बिर्तामोडमा हुनेछ ।

[redacted] **Innovation Group Nepal Pvt. Ltd.**
kupandol, Kathamandu, Nepal 55240006
[redacted]985301, 9807934609, 9842665853

---

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

**(हल ए) हिन्दी सिनेमा**
पहिलो शो ११:४५
**Baaghi-3**
दोस्रो शो २:४५
**Baaghi-3**
तेस्रो शो ६:४५
**Baaghi-3**

**(हल बी) नेपाली सिनेमा**
पहिलो शो ११:४५
**Baaghi-3**
दोस्रो शो २:४५
**Baaghi-3**
तेस्रो शो ६:४०
सुभव मंगल ज्यादा साधावन हिन्दी



**बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।**
**(फोन नं. ०२३-५४६४३६)**

---

## हाड जोर्नी नशका बिरामीलाई सुवर्ण अवसर

**काठमाडौका बिशेषज्ञ बिर्तामोडमा**

स्पार्क पूर्वाञ्चल अस्पतालको छैठौ बार्षिकोत्सवको अवसरमा स्पार्क अस्पताल काठमाडौ तथा काठमाडौ न्यूरो अस्पतालका **बरिष्ठ डाक्टर अनिल कुमार महतो** यही चैत्र १ गते शनिबार स्पार्क पुर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
**नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)**
**समय : बिहान ८:०० देखि ३:००**

---

# वर्गीकृत विज्ञापन

### कर्मचारी आवश्यकता

Math/English Teacher: ४ जना
Math/Seince Teacher: ४ जना
सहकारीको लागि महिला/पुरुष १० जना
कुक : ७ जना *(बिर्तामोड, इलाम, काँकरभिट्टा)*
वेटर : ११ जना *(बिर्तामोड, इलाम, फिक्कल)*
हाउसकिपिङ : ६ जना *(बिर्तामोड, इलाम)*
क्लिनरः ८ जना *(बिर्तामोड, इलाम, काँकरभिट्टा)*
घरमा काम गर्ने : ४ जना (महिला)

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

### हिजोको सूनचाँदीको भाउ

छापावाला सुन : ७९,००१-
तेजावी सुन : ७८,७०१-
असल चाँदी : ७३५१-

### टाटा सुमो [redacted] भाडामा चाहि[redacted]

बितामोडदेखि पशुप[redacted] पशुपतिनगरबाट बिर्तामोड दैनि[redacted] रिजर्भका लागि १० सिट भए[redacted] गाडी चाहिएमा सम्पर्क गर्नुहो[redacted]
**मो.९८१५९५२[redacted]**
**९८४१३२१[redacted]**

### आवश्यक[redacted]

सेक्युरिटी गार्डः- ४० जना [redacted]
*यहाँ निःशुल्क सेक्युरिटी ट्रे*[redacted]
**सेभेन स्टार सेक्[redacted]**
**सर्भिस प्रा.लि.** बिर्तामो[redacted]
फोनः ०२३-५४३००३/५[redacted]
९८०१४१६८४०, ९[redacted]
९८५२६७३९५५

### [redacted]सेफ्टी ट्याङ्की तथा ढल सफाई

[redacted]धुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो [redacted]बाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी [redacted] सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
[redacted]८४२६५५७००, ९८०४९३८१००,
[redacted]८०७९३०७४०, ९८१७९२९३९४

### [redacted]त्रिका समयमा पाउनु भएको छैन ?

[redacted]मो. ९८०७९१०२२२ पत्रिकाको [redacted]क शुल्क भुक्तानी गर्नलाई निम्न [redacted] नं. मा सम्पर्क गर्नुहोस् ।

### सम्झनुहोस्

लोप हुँदै गएका पुराना तथा सांस्कृतिक गरगहना र हरेक किसिमका आधुनिक ढंगबाट बिना रसायन तयार गरिएका आकर्षक गरगहना उचित मूल्यमा खरिद गर्नुपरेमा तुरुन्तै सम्पर्क गर्नुहोला ।
**प्रो. श्रीप्रसाद पोर्तेल** (मो. ९८१४०७०५०२)
**पाँचथरे पाथीभरा ज्वेलर्स,**
दमक-१, झापा
(फाल्गुनन्द चौकको २० मिटर उत्तर)
**(नोटः घर जग्गा किनबेचको कारोबार समेत गरिने हुँदा सम्पर्क गर्नुहोला । )**

### घर बिक्रीमा

अर्जुनधारा-११ बुट्टाबारी राजमार्ग उत्तर प्लटिङ्गमा रहेको १० १/२ धुर मा बनेको १ तले २ सटरसहित ६ कोटा भएको घर तु-बिक्रीमा छ ।
**सम्पर्कः** ९८१००९१६८०, ९८१६९५३९११

---



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । प्रयत्न गर्दा दिगो काम प्रारम्भ हुन सक्छ । स्रोतसाधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।
[redacted] सापट [redacted] सक्छ । [redacted] ) -
साँझतिर बसाइको स्थानान्तरण वा टाढाको यात्रा हुने सम्भावना देखिन्छ । परिस्थितिजन्य समस्याले दुःख पाइनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अरूको विश्वासमा पर्दा धोका हुन सक्छ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** साँझदेखि परिस्थिति अनुकूल बन्नाले महत्वाकांक्षी काम गर्न सफल भइनेछ । तारिफयोग्य कामले प्रशंसक बढ्नेछन् ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** विवादास्पद कामलाई टुंगो लगाउँदै लोकप्रियता हासिल गर्न सकिनेछ । आफ्नो क्षेत्रमा नाम र दाम कमाउने समय छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
शुभचिन्त[redacted]ले मनग्य फाइदा हुनेछ ।
कर्मयोग[redacted]उनेछ ।
**धनु (ये**[redacted]**ा, ढ, भे) -**
मेहनत [redacted]स्रोतसमेत फेला पर्नेछन् ।
तर पुरा[redacted]उन सक्छ । सरसापटमा
पनि धन[redacted]खिन्छ ।
**मकर (**[redacted]**े, खो, गा, गि) -**
सामाजि[redacted] र इनाम दिलाउनेछ ।
मिहिनेत[redacted] हुनेछ । ज्ञान, कला र
व्यक्तित्व निखार्ने समय छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ । सानो प्रयत्नले कीर्तिमानी कामको यश लिने सौभाग्य प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आम्दानी थोरै भए पनि आवश्यकता पूरा हुनेछन् । शुभचिन्तकहरूले साथ दिनेछन् भने भविष्यका लागि धन सञ्चय र कर्म निश्चय गर्ने समय छ ।